# हामी न्यायको पर्खाइमा छौं !

# मानव अधिकारको गम्भीर उल्लंघनसम्वन्धी

# अन्तर्राष्ट्रिय फैसलाहरु कार्यान्वयनको आवश्यकता

सन् २००८ देखि सन् २०१९ सम्म नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको कार्यान्वयनको स्थिति अनुगमन गर्ने अर्धन्यायिक निकाय, संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिल, नागरिक तथा राजनीतिक अधिकारहरु उल्लंघनको विषयमा व्यक्तिगत वा मानव अधिकार संघसंस्थाद्वारा नेपालविरुद्ध दायर गरिएका २५ वटा निवेदनहरुमाथि फैसला (सिफारिस) गरिसकेको छ । ती निवेदनहरु निम्न उल्लंघनहरुसँग सम्वन्धित छन् :



**यातना**

तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार



निष्पक्ष सुनुवाईको उल्लंघन



वलपूर्वक वेपत्ता पार्ने कार्य



गैर न्यायिक हत्या



यौन हिंसा



जवरजस्ती श्रम

यी उल्लंघनहरु सन् **१९९९ देखि २०११** को बीचमा भएका थिए । **यी सबै मुद्दाहरुमा मानव अधिकार समितिले नेपाल आफ्नो अन्तर्राष्ट्रिय दायित्वहरुको उल्लंघनका लागि जिम्मेवार छ भनी फैसला गरेको छ ।**

मानव अधिकार समितिले मुख्यत निम्न उल्लंघन**हरु** भएको ठहर गरेको छ :



उपचारको अधिकार



न्यायिक व्यक्तित्वको अधिकार



यातनाविरुद्धको अधिकार



वैयक्तिक स्वतन्त्रताको अधिकार



जवरजस्ती श्रममा लगाउन नहुने



बाँच्न पाउने अधिकार

TRIAL International | ADVOCACY FORUM | HUMAN RIGHTS AND JUSTICE CENTRE

दायर गरिएका २५ वटा मुद्दाहरुसँग सम्बन्धित ८४ जना व्यक्तिहरु यी उल्लंघनवाट पीडित भएका छन :






(अपराध भएको समयमा)



(पीडित आफैले गरेको पहिचानको आधारमा)

यी सबै मुद्दाहरुमा मानव अधिकार समितिले पीडितहरुलाई प्रभावकारी उपचार प्रदान गर्नका लागि



परिपूरणका उपायहरु अवलम्वन गर्नु पर्ने भनी फैसला गरेको छ ।

कार्यान्वयनको अवस्था :

:




क्षतिपुर्तिको सम्वन्धमा, तीन जना पीडितहरुले केही रकम ( रु १५०,०००) प्राप्त गरेका छन् । यो रकम, कुनै पनि हालतमा, पीडाको गाम्भिर्यता अनुरूपको छैन ।

**वलपूर्वक वेपत्ता पार्ने कार्य र यातनालाई मुलुकी फौजदारी संहिताले अपराधिकरण गरी उजुरी गर्ने हदम्याद संशोधन गरेको भएता पनि यिनीहरु अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप छैनन । त्यसका लागि छुट्टै कानून बनेको छैन भने नेपालले** वेपत्ता पार्ने कार्य विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धी अनुमोदन **गरेको छैन ।**







नेपालले ७ वटा मुद्दाहरुमा मात्र कार्यान्वयनको प्रगति विवरण मानव अधिकार समितिलाई बुझाएको छ । नेपालले कुनै पनि मुद्दाहरुको कार्यान्वयनसम्वन्धी विषयमा समितिसँग नियमित र निरन्तरसंवाद गरेको छैन । समितिले विभिन्न उपायहरुको कार्यान्वयनको स्तरको मुल्यांकन गरी नेपाललाई "ग" वर्गमा राखेको छ जसको अर्थ हुन्छ "सिफारिसहरुको कार्यान्वयन भएको छैन" ।




**यी मुद्दाहरुको फैसला कार्यान्वयनको सम्वन्धमा पीडितहरुले सरकारी निकायका प्रतिनिधिहरुसँग छलफल लगायतका प्रयास गर्न खोज्दा ती निकायहरु उदासिन रहेको तथा पीडितहरुलाई भेट्न समेत अनुच्छुक रहेका पाइएको छ ।**

TRIAL International

ADVOCACY FORUM

HUMAN RIGHTS AND JUSTICE CENTRE

न्यायका लागि संघर्ष गरेको शुरुवातदेखिः

६ जना पीडितहरु गम्भीर रोग लागेका वा स्वास्थ्य अवस्था गम्भीर रहेका छन्

४ जना पीडितहरुको उमेर ७० वर्ष भन्दा माथि रहेको छ ( जुन नेपालको हालको औषत आयू हो ।)

**न्यायको पर्खाइ कहिले सम्म ?**

मानव अधिकारको गम्भीर उल्लंघनसम्वन्धी अन्तर्राष्ट्रिय फैसलाहरुको कार्यान्वयन नहुनुले पीडितलाई अन्याय हुने तथा पुनः पीडित बनाउने मात्र नभई यसले अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र विधिको शासनको समेत अवमुल्यन गर्दछ र अन्तर्राष्ट्रिय दायित्वको उल्लंघन गर्ने राज्यले त्यसको परिणाम केही पनि भोग्न नपर्ने भन्ने गलत सन्देश पनि फैलिनसक्छ ।

**नेपालले अन्तर्राष्ट्रिय दायित्वहरुको सम्मान गर्नु अत्यावश्यक छ । तसर्थ, नेपाललाई निम्न विषयहरु यथासिघ्र सुनिश्चित गर्न आव्हान गरिएको छ :**

- पीडित, पीडितका प्रतिनिधिहरु र मानव अधिकार समितिसँग फैसला कार्यान्वयनको विषयमा ढिलो नगरिकन संवाद शुरु गर्न गराउन ।
- परिपूरणका उपायहरुको कार्यान्वयनका लागि निश्चित निकायलाई जिम्मेवारी दिन र समयसिमा तोक्न ।
- 
- स्वास्थ्य उपचार र मनोसामाजिक पुनर्स्थापनालाई पहिलो प्राथमिकताको रुपमा कार्यान्वयन गर्न गराउन ।

थप जानकारीका लागि:

**www.trialinternatonal.org**

**www.hrjc.org.np**

**http://www.advocacyforum.org/**